फो.नं.५६०११८
५६०८१६
दमकल ५६०४९९

# टीकापुर नगरपालिका कार्यालय
## टीकापुर, कैलाली

**प.सं. : २०७२/०७३ जि.उप.शा.** **मिति : २०७३/०२/१०**

**च. नं. :**

**विषय : मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना ।**
(प्रथम पटक प्रकाशित मिति: २०७३।०२।१०)

सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ३ को नियम १८ बमोजिम यस नगरपालिका कार्यालयलाई आ.व.२०७३/०७४ मा आवश्यक पर्ने विभिन्न किसिमका प्राविधिक सेवा, मालसामानहरु तथा अन्य सेवाहरु आपूर्तीका लागि मालसामानहरु आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता र सेवाप्रदायकहरुको छुट्टाछुट्टै मौजुदा सुची (Standing List) तयार गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त दर्तावाला फर्म, कम्पनी, व्यक्ति तथा आपूर्तीकर्ताले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनभित्र आवश्यक प्रमाणित कागजात सहित यस टीकापुर नगरपालिका कार्यालयमा कार्यालय समय भित्र नियमानुसार सूची दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**(क) खरिद, आपूर्ती तथा मर्मत तर्फः**

०१. मसलन्द तथा कार्यालय सामाग्रीहरु ।
०२. छपाई सम्बन्धी कार्य ।
०३. इलेक्ट्रिकल तथा ईलेक्ट्रोनिक्स मेसिनरी उपकरण (सर्वे, हाइड्रोलोजी तथा मेट्रोलोजी उपकरण, कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेसिन, फ्याक्स मेशिन, ल्यापटप, डिजिटल क्यामरा, यु.पि.एस., लेभल मेशिन, टेलीफोन, राउटर, टोनर कार्टेज, मसी, रिवन र अन्य ईलेक्ट्रिकल सामानहरु) को आपूर्ती तथा मर्मत सम्बन्धी ।
०४. फर्निचर, फर्निसिङ्ग तथा मर्मत सम्बन्धी कार्य ।
०५. योजना सञ्चालनका लागि आवश्यक पर्ने मोटरसाईकल, ट्याक्टर, गाडी, ट्रीपर व्याक हो लोडर लगायत अन्य मेसिनरी उपकरणहरु भाडामा सप्लाई गर्ने कार्य ।
०६. रंग रोगनका सामान आपूर्ती सम्बन्धी ।
०७. सवारी साधनहरुः गाडी, वारुणयन्त्र, ट्याक्टर, मोटरसाईकल, साइकल तथा तिनका पार्टपूर्जाहरु आपूर्ती तथा मर्मत सम्बन्धी ।
०८. ईन्धन आपूर्ती सम्वन्धी ।
०९. ह्युमपाईप तथा विद्युत पोल आपूर्ति सम्वन्धी ।
१०. पिउने पानी आपूर्ती सम्बन्धी ।
११. खानेपानीका सामानहरु आपूर्ती तथा मर्मत सम्बन्धी ।
१२. बगैंचा व्यवस्थापन र बोटविरुवा तथा बिउबिजन आपूर्ती सम्बन्धी ।
१३. फोहोरमैला व्यवस्थापन, शौचालय सरसफाई तथा अन्य भैपरि आउने सामान ।

**(ख) निर्माण व्यवसायी तर्फ**

१. भौतिक संरचना (भवन, सडक, पुल पुलेसा तथा कल्भर्ट आदि) निर्माण, भत्काउने, पुनः निर्माण, मर्मत संभार गर्ने आदि कार्य ।

**(ग) परामर्श सेवा तर्फः**

०१. विज्ञापन, सूचना प्रकाशन/प्रसारण सम्बन्धी ।
०२. कानुनी सल्लाहकार सम्बन्धी कार्यहरु ।
०३ अध्ययन, अनुसन्धान सम्बन्धी ।

**(घ) सेवा प्रदायक तर्फ**

०१. कुरियर्स सेवा सम्बन्धी ।
०२. विभिन्न तालिम, गोष्ठी आदि सञ्चालन गर्ने कार्य ।
०३. प्राविधिक अध्ययन अनुसन्धान तथा सर्वेक्षण, ड्इङ्ग डिजाइन, डिटेल्ड ईष्टिमेट र प्रस्ताव लेखन सम्बन्धी कार्यहरु ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

०१. फर्म दर्ता, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण समेत)
०२. स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
०३. आ.व.२०७१/०७२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

**पालना गर्नुपर्ने शर्तहरुः**

०१. माथि उल्लेखित सामान, सेवा, निर्माण/मर्मत संभार आदीको लागि प्रत्येक विषयगत छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ र सक्कलै निवेदन सहित रु.५०।- को टिकट टाँसी पेश गर्नुपर्नेछ ।
०२. रीत नपुगेको र म्याद नाघी पेश हुन आएको निवेदनलाई मान्यता दिइनेछैन । प्राप्त दरखास्त स्वीकृत गर्ने, नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
०३. उक्त सूची दर्ताको मान्य अवधि वि.सं.२०७४ साल अषाढ मसान्त सम्म मात्र हुनेछ ।

टीकापुर नगरपालिका कार्यालय
टीकापुर, कैलाली